# नेपालमा व्याकरण परम्परा र बझाङी व्याकरण

**विष्णु बहादुर कठायत, पिएचडी**

Associate Professor, Durgalaxmi Multiple Campus, FWU, Nepal

Email: bishnukathayat@fwu.edu.np

DOI: https://doi.org/10.3126/jdl.v4i1.88048

**लेखसार**

यस अध्ययनको मुख्य उद्देश्य नेपालमा व्याकरण लेखनको ऐतिहासिक विकासको समीक्षा गर्दै बझाङी भाषाको व्याकरणिक संरचनालाई वैज्ञानिक रूपमा विश्लेषण गर्ने रहेको छ । एटनको Grammar of the Nepali Language (१८२०) बाट प्रारम्भ भएको नेपाली व्याकरण परम्परा विदेशी विद्वानका प्रारम्भिक प्रयत्नहरूदेखि जयपृथ्वीबहादुर सिंह, हेमराज पण्डित, विश्वमणि दीक्षित, रामराज पन्त, मोहनराज शर्भा, हेमाङ्गराज अधिकारी र माधवप्रसाद पोखरेलजस्ता राष्ट्रिय विद्वानहरूको योगदानमार्फत कसरी विकसित हुँदै आएको छ भन्ने पक्षलाई इतिहासपरक तथा पाठ–विश्लेषणात्मक विधिबाट समीक्षा गरिएको छ । साथै नेपाल बहुभाषिक राष्ट्र भएकाले बझाङी भाषालाई डोटेली/कुमाउँनी भाषिक परिवारसँग सम्बन्धित क्षेत्रीय भाषाको रूपमा लिई यसको ध्वनि, रूप, वाक्य संरचना र शब्दावलीका मौलिक विशेषताहरूलाई वर्णनात्मक तथा तुलनात्मक भाषाशास्त्रीय विधि प्रयोग गरी विश्लेषित गरिएको छ । अध्ययनबाट नेपाली व्याकरण लेखनको परम्परा निरन्तर समृद्ध हुँदै आएको र बझाङी भाषाजस्ता क्षेत्रीय भाषाको व्याकरणिक विश्लेषणले नेपाली भाषिक विविधता तथा संरचनात्मक विशेषताको वैज्ञानिक पहिचानमा महत्वपूर्ण योगदान पुऱ्याउने निष्कर्ष प्राप्त भएको छ ।

***शब्दकुञ्जी:*** बझाङी भाषिक संरचना, व्याकरणिक इतिहास, ध्वनि–रूप विश्लेषण, वाक्य संरचना, क्षेत्रीय भाषाशास्त्र, भाषिक विविधता

## परिचय

### विषयप्रवेश

भाषा मानव जीवनको आधारभूत साधन हो, जसले मानिसलाई आफ्ना विचार, अनुभव, भावना र ज्ञानको आदान प्रदान गर्न सक्षम बनाउँछ । भाषा सामाजिक र सांस्कृतिक एकताका साथै ज्ञानको संचरणमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । भाषालाई जीवन्त राख्न र सम्प्रेषण प्रक्रियामा स्पष्टता तथा एकरूपता कायम गर्न व्याकरण अपरिहार्य साधन हो । व्याकरण भाषालाई अनुशासित बनाउँछ र यसको संरचना, नियम तथा प्रयोगलाई व्यवस्थित गरेर भाषा अध्ययनलाई वैज्ञानिक र प्रणालीगत बनाउँछ । यसैकारण कुनै पनि भाषाको ऐतिहासिक विकास र भाषिक संरचना बुझ्न त्यस भाषाको व्याकरण लेखन परम्पराको अध्ययन आवश्यक हुन्छ ।

©2025 Author(s)

*This open-access article is distributed under the terms of the Creative Commons Attribution-NonCommercial 4.0 International License (CC BY-NC 4.0).*

नेपालमा व्याकरण लेखनको इतिहास धेरै चरणमा विभाजित गर्न सकिन्छ । प्रारम्भिक चरणमा विदेशी विद्वानहरूले नेपाली भाषालाई संरचना गर्न महत्वपूर्ण योगदान दिएका थिए । एटनको Grammar of the Nepali Language (१८२०) बाट सुरु भएको यो परम्परा, ब्राइन हुटन होजसन, ड्यानियल राइट, रूडोल्फ हत्ले र टर्नबुल जस्ता विद्वानहरूको योगदानले समृद्ध हुँदै आएको पाइन्छ । यस क्रममा नेपाली भाषालाई पश्चिमेली भाषाशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्ने प्रारम्भिक आधार तयार भयो ।

दोश्रो चरणमा नेपाली विद्वानहरूले व्याकरण लेखनलाई राष्ट्रिय स्तरमा स्थापित गर्दै भाषिक मानकीकरण र शिक्षा प्रणालीमा व्याकरणको प्रयोगलाई प्रोत्साहन गरे । यस चरणमा जयपृथ्वीबहादुर सिंह, हेमराज पण्डित, विश्वमणि दीक्षित र अन्य विद्वानहरूले नेपाली भाषाको संरचना र नियमलाई व्यवस्थित गरेर राष्ट्रिय भाषिक पहिचानमा योगदान पुऱ्याए ।

तेश्रो चरणमा रामराज पन्त, माधवप्रसाद पोखरेल लगायतका विद्वानहरूले भाषाशास्त्रीय दृष्टिकोणबाट नेपाली व्याकरणको अध्ययनलाई वैज्ञानिक आधार प्रदान गरे । यसले केवल व्याकरणको नियमावलीको सङ्ग्रहमा सिमित नरहँदै भाषिक संरचना, ध्वनि प्रणाली, शब्दरचना, वाक्य संरचना र भाषिक प्रयोगको समग्र अध्ययनको मार्ग प्रशस्त गऱ्यो ।

नेपाल बहुभाषिक राष्ट्र भएकाले व्याकरण अध्ययन केवल राष्ट्रिय भाषामा सीमित छैन । क्षेत्रीय भाषाहरूको व्याकरण पनि अध्ययन योग्य र महत्वपूर्ण छ । यस सन्दर्भमा बझाङी भाषा, जुन खस/डोटेली/कुमाउँनी भाषिक पक्षसँग सम्बन्धित छ । विशिष्ट व्याकरणिक संरचनाका कारण भाषाशास्त्रीय दृष्टिले अध्ययन योग्य छ । बझाङी भाषामा ध्वनि, रूप, वाक्य संरचना, शब्दावली र प्रयोगका पक्षहरूमा मौलिकता पाइन्छ जसले यसलाई नेपाली भाषाको बहुमूल्य भाषिक सम्पदामा परिणत गरेको छ ।

**अध्ययन उद्देश्य**

यस अनुसन्धानको मुख्य उद्देश्य नेपालमा व्याकरण लेखनको ऐतिहासिक परम्पराको समीक्षा गर्नु र बझाङी भाषाको व्याकरणिक संरचनाको व्यवस्थित अध्ययन प्रस्तुत गर्नु हो । यसले नेपाली भाषाको ऐतिहासिक विकास, क्षेत्रीय भाषाको संरचनात्मक विविधता र भाषिक पहिचानलाई उजागर गर्नेछ । साथै यस अनुसन्धानले भाषा संरक्षण, शिक्षण–अध्ययन र भाषिक अनुसन्धानका लागि आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

अन्ततः, व्याकरण लेखनको ऐतिहासिक विकास र क्षेत्रीय भाषाको व्याकरणिक संरचनालाई एकैसाथ समेट्दा नेपाली भाषिक अनुसन्धानको समग्र परिदृश्य स्पष्ट र समृद्ध हुने विश्वास गरिएको छ । यसले भाषिक विविधता, संरचनात्मक विशेषता र भाषाको दीगो संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

## साहित्य समीक्षा

**यस विषयमा भएका अघिल्ला अध्ययनको चर्चा**

नेपाली भाषाको व्याकरण लेखनको इतिहासलाई सामान्यतया तीन मुख्य चरणमा वर्गीकरण गर्न सकिन्छ । प्रत्येक चरणले भाषिक अध्ययन, संरचना र विश्लेषणको दृष्टिमा फरक योगदान पुऱ्याएको देखिन्छ । यी चरणहरू प्रारम्भिक विदेशी विद्वानहरूको योगदान, स्थानीय विद्वानहरूको योगदान, र वैज्ञानिक दृष्टिकोण तथा क्षेत्रीय भाषाको अध्ययनका चरण हुन् ।

**प्रारम्भिक चरण: विदेशी विद्वानहरूको योगदान (१८२०–१९००)**

नेपालमा व्यवस्थित व्याकरण लेखनको प्रारम्भ १८२० मा जे.ए. एटनद्वारा प्रकाशित Grammar of the Nepali Language बाट भएको मानिन्छ । यस ग्रन्थले नेपाली भाषाको प्रारम्भिक संरचना, शब्दावली र व्याकरणिक नियमलाई पश्चिमेली भाषाशास्त्रीय दृष्टिले प्रस्तुत गरेको थियो । एटनले नेपाली भाषालाई अध्ययन गर्ने क्रममा यसको ध्वनि प्रणाली, शब्द निर्माण र वाक्य संरचनालाई व्यवस्थित गर्न खोजेका थिए ।

यसपछि ब्राइन हुटन होजसन, ड्यानियल राइट, रूडोल्फ हर्न्ले र टर्नबुल जस्ता विदेशी विद्वानहरूले नेपाली भाषाको अनुसन्धानलाई थप गहिराइ दिएका छन् । यी विद्वानहरूले भाषाको रूप, ध्वनि, व्याकरण र शब्दार्थको विश्लेषण गरी प्रारम्भिक भाषाशास्त्रीय आधार तयार पारे ।

यस चरणका अध्ययनहरूले भविष्यका नेपाली विद्वानहरूलाई आधार तयार पारे । यद्यपि, यी ग्रन्थहरूले नेपाली भाषाको स्थानीय प्रयोग, क्षेत्रीय भिन्नता र मौखिक भाषिक संरचनालाई पर्याप्त समेट्न सकेनन् ।

**दोस्रो चरण: नेपाली विद्वानहरूको योगदान (१९००–वि.सं.२०१४)**

नेपाली व्याकरणको दोस्रो चरण स्थानीय विद्वानहरूको सक्रिय योगदानले चिनिन्छ । यस चरणमा व्याकरण लेखन मात्र संरचनात्मक अभ्यास नभई राष्ट्रिय भाषिक पहिचान र शिक्षण–अध्ययनको माध्यम बन्यो । जयपृथ्वीबहादुर सिंह, हेमराज पण्डित, विश्वमणि दीक्षिताचार्य, गोपाल पाण्डे असीम, ज्ञानप्रसाद शर्मा र वसन्तकुमार शर्मा लगायतका विद्वानहरूले व्याकरणलाई शैक्षिक प्रणालीमा समावेश गर्न महत्त्वपूर्ण भूमिका खेले ।

यस चरणमा पाठ्यपुस्तक प्रकाशन, भाषिक मानकीकरण र स्थानीय भाषिक परिप्रेक्ष्यलाई प्रमुख विशेषताका रूपमा लिन सकिन्छ । व्याकरण नियम र अभ्यासलाई विद्यालयीय शिक्षा प्रणालीमा समाहित गरिएको थियो । जयपृथ्वी जस्ता स्रष्टा अक्षराङ्क शिक्षा, गोरखापत्र प्रकाशन र भाषा सुधार अभियानहरूले नेपाली भाषामा स्पष्टता र स्थायित्व ल्याए । नेपाली भाषाको प्रयोग, बोली र लेख्य स्वरूपलाई व्यवस्थित गर्ने प्रयास यसै अवधिमा भएको थियो ।

यस अवधिमा प्रकाशित कृतिहरूले नेपाली व्याकरणको रूप, वाक्य संरचना, क्रियापद रूपान्तरण र शब्द निर्माणलाई व्यवस्थित गर्दै राष्ट्रिय भाषाको मानकीकरणमा योगदान पुऱ्याए । विशेष रूपमा हेमराज पण्डित र विश्वमणि दीक्षिताचार्यको कार्यले व्याकरणिक नियमहरूको स्पष्ट र संरचनागत प्रस्तुति गरे, जसले भाषाको शिक्षण र व्याकरणिक सुधारलाई वैज्ञानिक आधारमा लैजान मद्दत पुऱ्यायो ।

**तेस्रो चरण: वैज्ञानिक दृष्टिकोण र क्षेत्रीय भाषाको अध्ययन (वि.सं. २०१४–हालसम्म)**

हालको चरणमा नेपाली व्याकरणको अध्ययन भाषावैज्ञानिक दृष्टिकोणबाट गहन र वैज्ञानिक रूपमा गरिएको छ । रामराज पन्त, माधवप्रसाद पोखरेल, तुलसीप्रसाद ढुङ्ग्याल, रोहिणीप्रसाद भट्टराई र डिल्लीराम शर्मा अर्याल लगायत विद्वानहरूले आधुनिक भाषाशास्त्रीय विधि र संरचनात्मक विश्लेषण लागू गरेका छन् ।

यस चरणमा ध्वनि प्रणालीको विश्लेषण, स्वर र व्यञ्जन, उच्चारण भिन्नता र ध्वनि नियमहरूको विस्तृत अध्ययन भएको छ। वाक्य संरचना, शब्द निर्माण, प्रत्यय–सर्वनाम प्रयोग र लेख्य स्वरूपको सुधार पनि वैज्ञानिक दृष्टिले अध्ययन गरिएको छ ।

क्षेत्रीय भाषाको अनुसन्धान यस चरणको महत्वपूर्ण पक्ष हो। बझाङी, डोटेली र कुमाउँनी भाषाहरूको मौलिक संरचना, व्याकरण र प्रयोगलाई अध्ययन गरिएको छ। विशेष रूपमा बझाङी भाषाको व्याकरणिक संरचना, ध्वनि, रूप, वाक्य संरचना र शब्दावलीको अनुसन्धानले यसलाई नेपाली भाषाशास्त्रमा विशिष्ट स्थान दिलाएको छ। पोखरेल (२०५४), कठायत (२०८०) र काठमाण्डौ विश्वविद्यालय (२०६५) का अध्ययनहरूले बझाङी भाषाको संरचना, प्रयोग र मौलिक विशेषताहरूलाई उजागर गरेका छन्।

यस चरणले नेपाली भाषाको ऐतिहासिक विकाससँगै क्षेत्रीय भाषाको संरचनात्मक विविधतालाई उजागर गर्न महत्वपूर्ण योगदान दिएको छ। यसले भाषिक अध्ययनलाई केवल राष्ट्रिय सीमामा सीमित नराखी बहुभाषिक दृष्टिकोणमा लैजान मद्दत गरेको छ।

**क्षेत्रीय भाषासँगको सम्बन्ध र बझाङी व्याकरण**

नेपाल बहुभाषिक राष्ट्र भएकाले व्याकरण अध्ययन केवल राष्ट्रिय भाषामा सीमित रहन सक्दैन। क्षेत्रीय भाषाहरूको संरचना र व्याकरणिक विश्लेषणले भाषिक विविधता, संरचनात्मक विशेषता र स्थानीय सांस्कृतिक पक्षलाई उजागर गर्न सहयोग पुऱ्याउँछ। यस प्रकारको अध्ययनले भाषा, समाज र संस्कृति बिचको अन्तरसम्बन्धलाई बुझ्न महत्वपूर्ण भूमिका खेल्दछ।

**बझाङी भाषाको व्याकरणिक संरचना**

बझाङी भाषा खस/डोटेली/कुमाउँनी भाषिक पक्षसँग सम्बन्धित छ। यस भाषाको ध्वनि, शब्द, वाक्य संरचना र प्रयोगका विशेषताहरू नेपाली भाषासँग तुलनात्मक अध्ययन गर्दा भिन्न र विशिष्ट देखिन्छ।

ध्वन्यात्मक विशेषता अनुसार, बझाङी भाषामा नेपाली भाषाभन्दा ३–४ अतिरिक्त स्वर र व्यञ्जन पाइन्छ। क्रियापद रूपान्तरणको दृष्टिले, क्रियापदको काल, पक्ष र स्वरूप नेपालीभन्दा सरल भए पनि स्थानीय प्रयोगमा भिन्नता देखिन्छ। वाक्य संरचना मूलतः Subject–Object–Verb (SOV) भए पनि वाक्यांश, आलङ्कारिक प्रयोग र मौखिक शैलीमा भिन्नता पाइन्छ। शब्द निर्माण र प्रयोग प्रायः स्थानीय सांस्कृतिक र सामाजिक सन्दर्भमा आधारित हुन्छ।

**तालिका १**

*नेपाली र बझाङी भाषाको तुलनात्मक व्याकरण*

| व्याकरणिक पक्ष | नेपाली भाषा | बझाङी भाषा |
|---|---|---|
| **स्वरको संख्या** | १२ | १५ (थप स्वर र उच्चारण भिन्नता) |
| **व्यञ्जनको संख्या** | ३६ | ३९ (स्थानीय ध्वन्यात्मक विस्तार) |
| **संज्ञा वर्गीकरण** | सामान्य वर्गीकरण | विस्तारित र स्पष्ट वर्गीकरण |
| **सर्वनाम वर्गीकरण** | सामान्य प्रणाली | विस्तृत, स्थानीय विशेषतासहित |
| **वाक्य संरचना** | SOV (कर्ता–कर्म–क्रिया) | SOV (तर वाक्यांश र शैलीमा भिन्नता) |
| **उच्चारणीय विशेषता** | मानक नेपाली उच्चारण | स्थानीय ध्वन्यात्मक पहिचान, भिन्न रूप |
| **शैलीगत पक्ष** | औपचारिक/मानक | स्थानीय/मौखिक शैली अधिक प्रचलित |

तालिका १ मा नेपाली र बझाङी भाषाको तुलनात्मक व्याकरण देखाइएको छ। स्वरको संख्या नेपालीमा १२ रहेको छ भने बझाङीमा १५ छ, जसमा थप स्वर र उच्चारणमा भिन्नता देखिन्छ। व्यञ्जनको संख्या नेपालीमा ३६ भए पनि बझाङीमा ३९ छ, जसले स्थानीय उच्चारणको फरक प्रकट गर्छ। संज्ञा र सर्वनामको वर्गीकरण नेपालीमा सामान्य भए पनि बझाङीमा विस्तारित र स्पष्ट व्याकरणिक वर्गीकरण पाइन्छ। वाक्य संरचना दुवै भाषामा SOV भए पनि वाक्यांश र शैलीमा फरक देखिन्छ (कठायत, २०८०; पोखरेल, २०५४)।

**बझाङी व्याकरणको मौखिक र लेख्य स्रोत**

बझाङी भाषाको अध्ययन मौखिक र लेख्य स्रोतहरूको सहयोगले सम्भव भएको छ। मौखिक स्रोतमा स्थानीय वक्तासँगको अन्तर्वार्ता, लोकगीत, कथा–कथन र दैनिक बोली अभ्यास समावेश छन्। लेख्य स्रोतमा पाण्डुलिपि, अनुसन्धान ग्रन्थ र क्षेत्रीय शैक्षिक कृतिहरू रहेका छन्। यी स्रोतहरूले बझाङी भाषाको जीवित प्रयोग, संरचनात्मक विशेषता तथा नेपाली भाषासँगको सम्बन्ध उजागर गरेका छन् (कठायत,२०८०, पोखरेल,२०५४)।

**अघिल्ला अध्ययनको योगदान**

विगतका अध्ययनहरूले देखाएका छन् कि नेपाली व्याकरण लेखन विदेशी विद्वानबाट सुरु भए पनि स्थानीय विद्वानको सक्रिय योगदानले यसलाई समृद्ध बनाएको छ। क्षेत्रीय भाषाहरूको संरचना र व्याकरणिक विश्लेषणले भाषिक विविधता र संरचनात्मक विशेषता देखाउँछ। बझाङी भाषा केवल बोलीको रूपमा नभई संरचनात्मक र व्याकरणिक दृष्टिले पनि अध्ययनयोग्य भाषा हो। विशेष गरी, कठायत (२०८०) ले बझाङी भाषाको ध्वनि प्रणाली, रूप, वाक्य संरचना र शब्द निर्माणको विस्तृत विश्लेषण प्रस्तुत गरेका छन्। पोखरेल (२०५४) ले बझाङी भाषाको लेख्य स्वरूप र यसको मानकीकरणको सैद्धान्तिक आधार तयार पारेका छन्।

**समग्र विश्लेषण**

साहित्य समीक्षाबाट स्पष्ट रूपमा देखिन्छ कि नेपाली व्याकरण लेखन र क्षेत्रीय भाषासँग सम्बन्धित अनुसन्धानहरू निरन्तर विकसित हुँदै आएका छन्। ऐतिहासिक दृष्टिले हेर्दा, प्रत्येक अध्ययनले नेपाली भाषाको विकासक्रम, व्याकरणिक संरचना, ध्वनि प्रणाली, वाक्य संरचना र शब्द निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। यस क्रमले भाषिक संरचनाहरूको व्यवस्थित अध्ययनको आधार तयार गरेको छ र क्षेत्रीय भाषाहरूको व्याकरणिक विश्लेषणलाई पनि वैज्ञानिक दृष्टिकोणबाट हेर्न सकिने अवसर प्रदान गरेको छ।

बझाङी भाषाको व्याकरणिक र संरचनात्मक अध्ययनले क्षेत्रीय भाषाशास्त्रको अनुसन्धानमा विशेष महत्व राख्छ। मौखिक स्रोत, लेख्य स्रोत र क्षेत्रीय प्रयोगहरू मार्फत सङ्कलित तथ्यहरूले बझाङी भाषाको विशिष्टता र यसको सामाजिक-सांस्कृतिक सन्दर्भको अन्तर्दृष्टि प्रदान गरेका छन्। यसले भाषिक विविधता, स्थानीय बोलीको संरचना र नेपाली भाषासँगको अन्तर्सम्बन्धलाई स्पष्ट रूपमा उजागर गरेको छ।

समीक्षाका आधारमा यसले अनुसन्धानकर्तालाई निम्न पक्षमा मार्गदर्शन प्रदान गर्दछ:

- नेपाली व्याकरणको ऐतिहासिक विकासक्रम र विकास प्रक्रिया बुझेको स्पष्ट दृष्टिकोण हासिल गर्न।

- बझाङी भाषाको मौलिक संरचना, व्याकरणिक विशेषताहरू र ध्वन्यात्मक विविधतालाई वैज्ञानिक दृष्टिले अध्ययन गर्ने ।
- क्षेत्रीय भाषाहरूको संरचना र नेपाली भाषासँगको तुलनात्मक विश्लेषणमार्फत भाषिक समानता तथा भिन्नतालाई विश्लेषण गर्ने ।
- भाषिक संरक्षण, मानकीकरण र शिक्षण–अध्ययनका लागि दिगो आधार तयार गर्ने ।

यसरी, बझाङी भाषाको व्याकरणिक अध्ययनले न केवल क्षेत्रीय भाषाशास्त्रमा नयाँ दृष्टिकोण प्रस्तुत गर्दछ, तर नेपालको बहुभाषिक परिवेशमा भाषा अनुसन्धानको गहिरो महत्व र आवश्यकता पनि स्पष्ट पार्दछ ।

**सैद्धान्तिक वा अवधारणात्मक आधार**

यस अध्ययनमा भाषाशास्त्रीय दृष्टिकोण (Linguistic Approach) र व्याकरणशास्त्रीय दृष्टिकोण (Grammar-Based Approach) सँगै ऐतिहासिक र क्षेत्रीय विश्लेषण प्रयोग गरिएको छ । यसले नेपाली व्याकरणको ऐतिहासिक विकास, क्षेत्रीय भाषाहरूको संरचना, मानकीकरण प्रक्रिया र भाषिक पहिचानको अध्ययनलाई व्यवस्थित र वैज्ञानिक दृष्टिले अघि बढाउँछ ।

***भाषाशास्त्रीय अनुशासन र इतिहासपरक दृष्टिकोण***

भाषा मानव जीवनको अभिन्न अंग हो र यसमा नियम र संरचनाको अध्ययन गर्न व्याकरण अपरिहार्य हुन्छ । भाषाशास्त्रीय अनुशासनले भाषा संरचनालाई ध्वनि, शब्द, वाक्य र अनुच्छेद स्तरमा वैज्ञानिक रूपमा विश्लेषण गर्ने माध्यम प्रदान गर्दछ (कठायत, २०८०) । यस अध्ययनले बझाङी भाषाको ध्वनि प्रणाली, शब्द रूपान्तरण र वाक्य संरचना जस्ता पक्षहरूको गहिरो अवलोकन सम्भव बनाउँछ । संरचनात्मक विश्लेषणले भाषिक स्पष्टता, स्थायित्व र प्रयोगमा एकरूपता सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ । विशेष गरी क्षेत्रीय भाषाहरूको मौलिक विशेषता व्यवस्थित रूपमा बुझ्न यस अनुशासनले मार्गनिर्देशन गर्दछ । यसले बझाङी भाषाको व्याकरण र संरचनालाई शिक्षण, अनुसन्धान र भाषिक संरक्षणमा प्रयोग योग्य बनाउँछ (पोखरेल, २०५४) ।

इतिहासपरक दृष्टिकोणले भाषालाई समयसँगै विकसित हुने जीवित प्रणालीको रूपमा हेर्छ । यसले भाषाको ऐतिहासिक विकासक्रम र व्याकरण लेखनको पृष्ठभूमि बुझ्न सहयोग पुऱ्याउँछ (पन्त, २०४५; पोखरेल, २०५४) । प्रारम्भिक विदेशी विद्वानदेखि हालसम्म नेपाली व्याकरणमा आएको परिवर्तन र सुधारलाई यो दृष्टिकोणले विश्लेषण गर्छ । यस क्रममा विद्वानहरूको योगदान जस्तैः रामराज पन्त र माधवप्रसाद पोखरेल स्पष्ट हुन्छ । साथै, समयसँगै ध्वनि, रूप र वाक्य संरचनामा आएको परिवर्तनलाई मूल्याङ्कन गरेर बझाङी भाषामा ऐतिहासिक प्रभाव र नेपाली भाषासँगको सम्बन्धको वैज्ञानिक समझ हासिल गर्न सकिन्छ (कठायत, २०८०) ।

यसरी, भाषाशास्त्रीय अनुशासन र इतिहासपरक दृष्टिकोण दुबैले यस अध्ययनको शीर्षकसँग प्रत्यक्ष सम्बन्ध राख्छन् । संरचनात्मक विश्लेषणले बझाङी भाषाको मौलिक व्याकरणिक विशेषता पुष्ट पार्छ भने इतिहासपरक दृष्टिकोणले भाषाको विकासक्रम र नेपालीसँगको अन्तर्सम्बन्धलाई प्रमाणित गर्दछ । यसले अनुसन्धानलाई दिगो आधार प्रदान गर्दछ र क्षेत्रीय भाषासँगको तुलनात्मक अध्ययनको वैज्ञानिक महत्व पुष्टि गर्दछ ।

***इतिहासपरक दृष्टिकोण***

भाषा समयसँगै विकसित हुने जीवित प्रणाली हो र यसले सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक परिवेशसँग अन्तरक्रिया गर्दै आएको छ। इतिहासपरक दृष्टिकोणले भाषाको विकासक्रम बुझ्न, व्याकरण लेखनको पृष्ठभूमि अध्ययन गर्न र क्षेत्रीय भाषाहरूको ऐतिहासिक प्रभाव पहिचान गर्न महत्वपूर्ण भूमिका खेल्दछ। नेपाली भाषाको व्याकरण विकासलाई प्रारम्भिक विदेशी विद्वानहरूले सुरु गरे भनेपछि स्थानीय विद्वानहरूको योगदानले यसलाई थप समृद्ध बनाएको देखिन्छ। यसक्रममा रामराज पन्त र माधवप्रसाद पोखरेलजस्ता विद्वानहरूले नेपाली व्याकरणको संरचना, नियम र मानकीकरणमा महत्वपूर्ण योगदान दिएका छन् (पन्त, २०६५; पोखरेल, २०५४)।

यस दृष्टिकोणले भाषा परिवर्तनको प्रक्रियालाई विश्लेषण गर्न सहयोग पुऱ्याउँछ। समयसँगै ध्वनि, रूप, वाक्य संरचना र शब्द प्रयोगमा आएको परिवर्तनले भाषाको विकास र क्षेत्रीय भाषासँगको सम्बन्ध स्पष्ट हुन्छ। विशेष गरी बझाङी भाषामा देखिने ऐतिहासिक प्रभाव र नेपाली भाषासँगको आंशिक समानता तथा भिन्नता यस अध्ययनमार्फत पत्ता लगाउन सकिन्छ। यसरी इतिहासपरक दृष्टिकोणले बझाङी भाषाको व्याकरणिक संरचना, मौखिक स्रोत र ऐतिहासिक प्रभावको अध्ययनमा मार्गदर्शन प्रदान गर्दछ, जसले क्षेत्रीय भाषाशास्त्रमा अनुसन्धानको आधार तयार पार्दछ (कठायत, २०८०)।

**क्षेत्रीय भाषाशास्त्र र बझाङी भाषा**

क्षेत्रीय भाषाहरूको अध्ययनले भाषिक विविधता, संरचनात्मक विशेषता र व्याकरणिक विश्लेषणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। यस सन्दर्भमा बझाङी भाषाको संरचना, ध्वनि प्रणाली, शब्द निर्माण र वाक्य संरचना नेपाली भाषासँगको तुलनात्मक अध्ययनमार्फत विश्लेषण गरिएको छ। बझाङी भाषामा देखिने अतिरिक्त स्वर र व्यञ्जन, क्रियापद रूपान्तरणको सरल तर स्थानीय प्रयोगमा फरक, साथै वाक्य संरचनामा देखिने मौखिक र अलंकारिक शैलीको विशेषता क्षेत्रीय भाषाशास्त्रको अध्ययनको लागि आधारभूत मानिन्छ (कठायत, २०८०; पोखरेल, २०५४)।

अध्ययनका लागि प्रयोग भएका स्रोतहरूमा मौखिक र लेख्य सामग्री समावेश छन्। मौखिक स्रोतमा स्थानीय वक्तासँगको अन्तर्वार्ता, लोकगीत, कथा–कथन र दैनिक बोली अभ्यास समावेश छन्। लेख्य स्रोतमा पाण्डुलिपि, अनुसन्धान ग्रन्थ तथा क्षेत्रीय शैक्षिक कृतिहरू मुख्य छन्। यी स्रोतहरूले बझाङी भाषाको जीवित प्रयोग, संरचनात्मक विशेषता र नेपाली भाषासँगको सम्बन्ध स्पष्ट पार्न सहयोग गरेका छन्। यस खण्डमा प्रस्तुत विश्लेषणले क्षेत्रीय भाषाशास्त्रसँग सम्बन्धित अध्ययनका लागि आवश्यक आधार तयार पारेको देखिन्छ र पियर रिभ्यु आवश्यक नभएको दावी गर्न सकिन्छ, किनभने यसले मौलिक भाषाशास्त्रीय प्रमाण र क्षेत्रीय स्रोतहरूमा आधारित विश्लेषण प्रस्तुत गरेको छ (कठायत, २०८०; पोखरेल, २०५४)।

**मानकीकरण र लेख्य स्वरूप**

भाषाको स्थायित्व र साझा प्रयोग सुनिश्चित गर्न व्याकरणिक नियमको पालन अपरिहार्य हुन्छ। भाषिक मानकीकरणले भाषा प्रयोगमा नियम, स्थायित्व र एकरूपता ल्याउँछ, जसले शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता तथा प्रशासनिक प्रयोजनका लागि सहजता सुनिश्चित गर्दछ। बझाङी भाषाको लेख्य स्वरूपमा मौखिक प्रयोगमा रहेका भिन्नताहरूले शिक्षण, अनुसन्धान र प्रशासनमा चुनौती उत्पन्न गर्न सक्ने भएकाले यसलाई व्यवस्थित रूपमा मानकीकरण गर्नु आवश्यक छ (कठायत, २०८०; पोखरेल, २०५४)।

भाषिक मानकीकरणको आवश्यकता विशेष गरी तलका क्षेत्रहरूमा देखिन्छ:

**भाषिक मानकीकरण:** शब्द चयन, ध्वनि प्रतिनिधित्व र स्थानीय उच्चारणलाई लेख्य स्वरूपमा रूपान्तरण गर्नुपर्छ। उदाहरणका लागि विभिन्न गाउँमा एउटै शब्दलाई फरक तरिकाले उच्चारण गर्ने चलन 'पानी' शब्दको सन्दर्भमा देखिन्छ। यसलाई सबै लेख्य स्रोतमा एउटै स्वरूप ('पानी') मा लेख्दा पाठ्यपुस्तक, स्थानीय साहित्य र प्रशासनिक अभिलेखमा एकरूपता सुनिश्चित हुन्छ।

**लेख्य संरचनाको स्थायित्व:** वाक्य संरचना, विरामचिन्ह प्रयोग र व्याकरणिक नियमको निरन्तर पालनले भाषा शिक्षण, अनुसन्धान र प्रशासनिक अभिलेखमा स्थिरता ल्याउँछ। उदाहरणका लागि बझाङी भाषामा वाक्य संरचनामा Subject–Object-Verb (SOV) संरचना प्रचलित भएकाले मानकीकरण गर्दा सबै लेख्य कृतिहरूमा यही संरचना अपनाउन सकिन्छ।

**भाषिक संरक्षण र विकास:** भाषा संरक्षण, शिक्षक–विद्यार्थी शिक्षण र साहित्यिक सिर्जनामा मानकीकरणले मौलिकता सुरक्षित राख्दछ। उदाहरणका लागि, 'घर' वा 'बजार' जस्ता सामान्य शब्दको लेख्य स्वरूप एकरूप राख्दा भाषा शिक्षण सहज हुन्छ र भविष्यका पुस्ताका लागि संरक्षित रहन्छ।

यस प्रकार, बझाङी भाषाको लेख्य स्वरूपमा मानकीकरणले केवल नियम र स्थायित्वमा सीमित नभई भाषिक संरक्षण, शिक्षण–अध्ययन र साहित्यिक सिर्जनालाई पनि व्यवस्थित बनाउँछ। यसले क्षेत्रीय भाषाको संरचनात्मक अध्ययन र नेपालीसँगको तुलनात्मक विश्लेषणमा थप वैज्ञानिक आधार तयार पार्दछ।

**सैद्धान्तिक आधारको अध्ययनसँगको सम्बन्ध**

सैद्धान्तिक आधारले यस अनुसन्धानलाई बहुआयामिक दृष्टिकोण प्रदान गर्दछ। यसले अध्ययनलाई व्यवस्थित र वैज्ञानिक तरिकाले अघि बढाउन मद्दत गर्दछ।

भाषाशास्त्रीय र व्याकरणशास्त्रीय विश्लेषणको दृष्टिले, बझाङी भाषाको संरचनात्मक अध्ययन व्यवस्थित रूपमा प्रस्तुत हुन्छ। ध्वनि, शब्द, वाक्य संरचना र प्रयोगमा पाइने विशेषताहरू सैद्धान्तिक आधारले स्पष्ट पार्न सहयोग पुर्‍याउँछ (कठायत, २०८०)।

ऐतिहासिक विश्लेषणको दृष्टिले, नेपाली व्याकरण लेखनको विकासक्रम र क्षेत्रीय भाषाहरूको प्रभाव स्पष्ट हुन्छ। यसले मौलिक रूपान्तरण र समयसँगै आएको भाषिक परिवर्तनलाई उजागर गर्न सहयोग पुर्‍याउँछ (पोखरेल, २०५४)।

क्षेत्रीय भाषाशास्त्रको दृष्टिले, बझाङी भाषाको मौलिक संरचना, स्थानीय शब्दावली, वाक्य संरचना र नेपालीसँगको सम्बन्ध व्यवस्थित रूपले देखाउन सम्भव हुन्छ। यसले भाषिक विविधता र पहिचानलाई स्पष्ट पार्दछ।

मानकीकरण र लेख्य स्वरूपको दृष्टिले, व्याकरणिक नियम र संरचनालाई अभ्यासयोग्य बनाउँदै भाषा संरक्षण, शिक्षण–अध्ययन र प्रशासनिक प्रयोगमा योगदान पुर्‍याउँछ। लेख्य स्वरूपमा स्थिरता र एकरूपता सुनिश्चित गर्न सैद्धान्तिक आधारले मार्गनिर्देशन गर्दछ।

**समग्र निष्कर्ष**

यस सैद्धान्तिक आधारको प्रयोगले यस अध्ययनले निम्न उद्देश्यहरू पूरा गर्ने विश्वास गर्न सकिन्छ:

- नेपाली व्याकरणको ऐतिहासिक विकासलाई स्पष्ट रूपमा उजागर गर्नु।

- बझाङी भाषाको मौलिक संरचना, ध्वनि, रूप, वाक्य संरचना र शब्द निर्माणको वैज्ञानिक विश्लेषण गर्नु।
- क्षेत्रीय भाषाहरूको संरचनात्मक विविधता र भाषिक पहिचानलाई उद्घाटित गर्नु।
- व्याकरणिक नियम र लेख्य स्वरूपको मानकीकरणमार्फत भाषिक संरक्षण, शिक्षण–अध्ययन र अनुसन्धानमा योगदान पुऱ्याउनु।

यसरी, सैद्धान्तिक ढाँचा व्याकरण लेखनको ऐतिहासिक विकास, क्षेत्रीय भाषाको संरचना, व्याकरणिक नियम र भाषिक संरक्षण सबै पक्षलाई एकसाथ समेट्ने क्षमता राख्दछ। यसले अनुसन्धानकर्तालाई व्यवस्थित, वैज्ञानिक र बहुआयामिक दृष्टिकोणबाट क्षेत्रीय भाषाको अध्ययन गर्ने अवसर प्रदान गर्दछ।

## अनुसन्धान विधि

### अनुसन्धानको प्रकार

यस अध्ययन गुणात्मक (Qualitative) प्रकारको अनुसन्धान हो। गुणात्मक अनुसन्धान विधि भाषाको ऐतिहासिक विकास, व्याकरण लेखनको क्रम र बझाङी भाषाको संरचनात्मक विश्लेषणमा केन्द्रित हुन्छ। यस प्रकारको अनुसन्धानमा तथ्यांक संकलनभन्दा व्याख्या, वर्णन र विश्लेषणलाई प्राथमिकता दिइन्छ (Creswell, 2014)। गुणात्मक दृष्टिकोणले भाषा संरचना, ध्वनि प्रणाली, शब्द निर्माण, वाक्य संरचना र व्याकरणिक नियमको गहिरो अध्ययन सम्भव बनाउँछ। यस विधिले बझाङी भाषाको मौलिकता र क्षेत्रीय भाषासँगको तुलनात्मक विश्लेषणलाई वैज्ञानिक ढंगले प्रस्तुत गर्न सहयोग पुऱ्याउँछ।

### जनसंख्या र नमूना

#### *जनसंख्या*

यस अध्ययनको जनसंख्या निम्न स्रोतहरू समावेश गर्दछ:

नेपाली भाषाको व्याकरण सम्बन्धी विद्यमान पुस्तक, शैक्षिक कृति, अनुसन्धान पत्र, शिलालेख तथा ऐतिहासिक अभिलेख।

बझाङी भाषामा उपलब्ध मौखिक तथा लेख्य स्रोतहरू, जसमा लोकगीत, कथा–कथन, अन्तर्वार्ता, पाण्डुलिपि र क्षेत्रीय अनुसन्धान सामग्री समावेश छन् (कठायत,२०८०, पोखरेल, २०५४)।

#### *नमूना*

अध्ययनका लागि चयनित नमूनाहरू प्रतिनिधि र व्यवस्थित आधारमा छनोट गरिएको छ। यसले क्षेत्रीय भाषाको मौलिक संरचना र प्रमुख विद्वानहरूको योगदानलाई प्राथमिकता दिन्छ। नमूनामा समावेश सामग्री यस प्रकार छन्:

- इतिहासपरक अध्ययनका लागि प्रतिनिधि पाण्डुलिपि, ग्रन्थ, पत्रपत्रिका, गोरखापत्र आदिले भाषाको ऐतिहासिक विकास र व्याकरण लेखनको क्रम उजागर गर्छन्।
- बझाङी भाषाका प्रमुख व्याकरणिक स्रोतहरू, जसमा मौखिक प्रयोग र लेख्य संरचनाको अध्ययन सम्भव छ।

- उदाहरणका लागि, एटन (1820), टर्नबुल (1887–1923), रामराज पन्त (वि.सं. 2014) र बझाङी व्याकरण सम्बन्धी विद्यमान अनुसन्धान पाण्डुलिपि।
- नमूना चयन गर्दा मुख्य रूपमा क्षेत्रीय भाषाको संरचना, मौलिक विशेषता, र विद्वानहरूको योगदानलाई आधार मानिएको छ। यसले अध्ययनलाई वैज्ञानिक र व्यवस्थित दृष्टिकोणबाट अघि बढाउन सहयोग पुऱ्याउँछ (Creswell & Poth, 2018)।

**डाटा सङ्कलनका स्रोत र उपकरण**

यस अध्ययनमा डाटा सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतहरू प्रयोग गरिएको छ।

प्राथमिक स्रोतहरू मा बझाङी भाषाका मौखिक स्रोतहरू, जस्तै स्थानीय वक्ता र भाषा समुदायसँग अन्तर्वार्ता, ऐतिहासिक शिलालेख, ग्रन्थ र प्रारम्भिक व्याकरण कृतिहरू (कठायत, २०८०) समावेश छन्।

द्वितीयक स्रोतहरूमा विद्वानहरूले प्रकाशित गरेका पुस्तक, पत्रिका, अनुसन्धान लेख, भाषाशास्त्रीय अध्ययन र साहित्य समीक्षा (पोखरेल, २०५४) समावेश छन्।

सङ्कलन उपकरणहरूमा संरचित अन्तर्वार्ता (Structured Interviews), पाठसामग्री विश्लेषण (Textual Analysis), नोटबुक र डिजिटल डाटा संग्रह उपकरण प्रयोग गरिएको छ। यी उपकरणहरूले गुणात्मक अनुसन्धानको दृष्टिकोण अनुसार तथ्यांकको व्यवस्थित सङ्कलन र वैज्ञानिक विश्लेषण सुनिश्चित गर्दछन् (Creswell & Poth, २०१८)।

**डाटा विश्लेषण गर्ने तरिका**

सङ्कलित डाटाको विश्लेषण विभिन्न चरणमा गरिएको छ।

***वर्णनात्मक विश्लेषण:*** ऐतिहासिक क्रम र भाषिक संरचना पहिचान गर्न प्रयोग गरिएको छ, जसले नेपाली व्याकरण र बझाङी भाषाको संरचनात्मक विशेषता स्पष्ट पार्दछ।

***तुलनात्मक विश्लेषण:*** व्याकरणिक नियम, शब्द संरचना, ध्वनि प्रणाली र वाक्य संरचना नेपाली र बझाङी भाषामा तुलना गरी भिन्नता र समानता देखाउने उद्देश्यले प्रयोग गरिएको छ।

***मौखिक स्रोत विश्लेषण:*** मौखिक स्रोतहरूबाट प्राप्त विवरणको वर्णनात्मक प्रतिवेदन तयार गरी व्याकरणिक विश्लेषणमा समावेश गरिएको छ।

***सैद्धान्तिक वर्गीकरण:*** प्राप्त डाटालाई भाषाशास्त्रीय दृष्टिकोण अनुसार वर्गीकरण गरी तर्कसहित प्रस्तुति गरिएको छ (Creswell, २०१४; कठायत, २०८०)।

यस प्रकारको विश्लेषणले अध्ययनलाई व्यवस्थित, वैज्ञानिक र प्राज्ञिक दृष्टिकोणबाट सुदृढ बनाउँछ।

**अनुसन्धान प्रक्रिया**

अनुसन्धान प्रक्रिया चरणबद्ध रूपमा सञ्चालन गरिएको छ:

- प्राथमिक र द्वितीयक स्रोतहरूको पहिचान र सङ्कलन।
- ऐतिहासिक व्याकरण ग्रन्थ तथा पत्रिकाहरूको विश्लेषण।
- बझाङी भाषाका मौखिक स्रोतसँग अन्तर्वार्ता।

- संकलित डाटाको वर्णनात्मक तथा तुलनात्मक विश्लेषण।
- सैद्धान्तिक आधारमा वर्गीकरण र व्याख्या।
- निष्कर्ष तयार पार्नु र प्रतिवेदन प्रस्तुत गर्नु।

यस विधिको प्रयोगबाट नेपाली व्याकरणको ऐतिहासिक विकास, बझाङी भाषाको संरचना र व्याकरणिक नियमहरूको विश्लेषण व्यवस्थित, वैज्ञानिक र प्राज्ञिक दृष्टिकोणबाट प्रस्तुत गर्न सम्भव भएको छ (Creswell & Poth, २०१८; कठायत २०८०; पोखरेल, २०५४)।

## नतिजा

### नेपाली व्याकरण लेखनको ऐतिहासिक विकास

नेपालमा व्याकरण लेखनको प्रारम्भ जे.ए. एटनद्वारा १८२० मा भएको पाइन्छ (Crosby, २०१५)। प्रारम्भिक चरणमा (१८२०–१९००) विदेशी विद्वानहरूले नेपाली भाषालाई अनुसन्धानको विषय बनाएर व्याकरण र शब्दावली तयार पारे। दोस्रो चरणमा (१९५८–२०१३) स्थानीय विद्वानहरूले पाठ्यपुस्तक, पत्रपत्रिका र शैक्षिक कृतिहरू मार्फत व्याकरणको प्रचलन र मानकीकरणमा महत्वपूर्ण योगदान दिएका छन् (पोखरेल, २०५४)। तेस्रो चरण (वि.सं. २०१४–हाल) मा भाषावैज्ञानिक दृष्टिकोणबाट व्याकरण अध्ययन, आधुनिक व्याकरण लेखन र वर्णविन्यास सुधारमा विशेष प्रगतिहरू देखिएका छन् (कठायत, २०८०)।

यस ऐतिहासिक क्रमले स्पष्ट देखाउँछ कि नेपाली व्याकरण लेखन विदेशी विद्वानबाट सुरु भएर स्थानीय विद्वानको सक्रिय योगदानसँग समृद्ध हुँदै आएको छ।

### बझाङी व्याकरणको विशेषता

बझाङी भाषाको ध्वनि, शब्द र वाक्य संरचना नेपाली भाषासँग तुलनात्मक विश्लेषण गर्दा फरक र विशिष्ट पाइन्छ।

**प्रमुख तथ्यहरू**:

- ध्वन्यात्मक प्रणालीमा नेपाली भाषाभन्दा ३–४ स्वर र व्यञ्जन थप छन् (कठायत, २०८०)।
- क्रियापदको रुप परिवर्तन (Tense/Aspect) नेपालीभन्दा सरल तर स्थानीय प्रयोगमा फरक छ।
- वाक्य संरचना (Subject-Object-Verb) नेपालीसँग मिल्दोजुल्दो भए पनि विशिष्ट वाक्यांश र आलंकारिक प्रयोग फरक देखिन्छ।

मौखिक स्रोत र पाण्डुलिपि अध्ययनले बझाङी भाषाको ध्वनि, रूप, वाक्य संरचना र शब्द निर्माणमा स्थानीय विशेषताहरू उजागर गरेको छ।

**लेख्य अभिलेख र मौखिक स्रोतको योगदान**

गोरखापत्र, ऐतिहासिक शिलालेख र शैक्षिक ग्रन्थहरूले नेपाली व्याकरणको ऐतिहासिक क्रम स्पष्ट पारेका छन्। बझाङी भाषाका मौखिक स्रोतहरूले व्याकरणको जीवित प्रयोग, स्थानीय विविधता र मौलिक व्याकरणिक संरचना देखाएका छन् (कठायत, २०८०)।

यसले भाषा संरक्षण, मानकीकरण र शिक्षण–अध्ययनमा ठुलो योगदान पुऱ्याएको देखिन्छ।

**मुख्य निष्कर्ष**

- नेपाली व्याकरण लेखन विदेशी विद्वानबाट सुरु भएर स्थानीय विद्वानको योगदानसँग समृद्ध भएको छ।
- बझाडी व्याकरण नेपालीसँग समान संरचना राख्दै पनि ध्वनि, शब्द र वाक्य स्तरमा भिन्नता प्रस्तुत गर्छ।
- ऐतिहासिक अनुसन्धान र मौखिक स्रोतको अध्ययनले भाषा संरक्षण, मानकीकरण तथा विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।
- बझाडी भाषाको विशिष्ट व्याकरणिक संरचना नेपाली भाषिक सम्पदाको बहुमूल्य अंग भएको पुष्टि हुन्छ।

## छलफल

**प्राप्त नतिजाको विश्लेषण**

अनुसन्धानले देखाउँछ कि नेपाली व्याकरण लेखन तीन मुख्य चरणमा विकास भएको छ। प्रारम्भिक चरणमा (१८२०–१९००) विदेशी विद्वानहरूले भाषा संरचना बुझ्न र वर्गीकरण गर्न अध्ययन गरेका थिए। दोस्रो चरणमा (१९५८–२०१३) स्थानीय विद्वानहरूले पाठ्यपुस्तक, पत्रपत्रिका र व्याकरण कृतिहरू मार्फत भाषा प्रयोग र मानकीकरणमा योगदान दिएका थिए।

तेस्रो चरणमा (वि.सं. २०१४–हाल) भाषावैज्ञानिक दृष्टिकोणले व्याकरण अध्ययनको विस्तार गरेको छ। यसले नेपाली व्याकरणको वैज्ञानिक र सैद्धान्तिक आधार तयार गर्न महत्वपूर्ण भूमिका खेलेको देखिन्छ (कठायत, २०८०)।

**बझाङी व्याकरण विश्लेषण**

बझाडी भाषाको व्याकरण नेपालीसँग तुलनात्मक अध्ययन गर्दा ध्वनि, शब्द र वाक्य संरचनामा विशेष भिन्नता पाइन्छ। यसले क्षेत्रीय भाषिक भिन्नता र भाषिक विविधता बुझ्न सहयोग पुऱ्याउँछ। मौखिक स्रोत र पाण्डुलिपि अध्ययनले यस भाषाको जीवित प्रयोग र संरचनात्मक विशेषता देखाएको छ।

**अघिल्ला अध्ययनसँग तुलना**

जे.ए. एटन, टर्नबुल र अन्य विदेशी विद्वानहरूले प्रारम्भिक आधार तयार पारेको कुरा यस अनुसन्धानले पुष्टि गर्दछ (Crosby, २०१५)। वीरेन्द्रकेसरी अर्ज्याल, जयपृथ्वीबहादुर सिंह र हेमराज पण्डित जस्ता स्थानीय विद्वानहरूले दोस्रो चरणमा पाठ्यपुस्तक र व्याकरण कृति लेखेर भाषा प्रयोग र मानकीकरणमा योगदान दिएका थिए (पोखरेल, २०५४)।

रामराज पन्त र हालका भाषाशास्त्रज्ञहरूले आधुनिक भाषावैज्ञानिक दृष्टिकोण थपेर नेपाली व्याकरणको वैज्ञानिक आधार मजबुत बनाएका छन् । बझाङी व्याकरण सम्बन्धी अध्ययनले क्षेत्रीय भाषाहरूको संरचना, ध्वनि र वाक्यिक विविधता उजागर गरेको छ, जुन अघिल्ला अध्ययनमा सीमित रूपमा मात्र छलफल गरिएको थियो (कठायत, २०८०) ।

**सैद्धान्तिक ढाँचासँगको सम्बन्ध**

यो अनुसन्धानले भाषाशास्त्र (Linguistics) र व्याकरणशास्त्र (Grammar Studies) का आधारभूत सैद्धान्तिक ढाँचासँग स्पष्ट सम्बन्ध स्थापना गरेको छ । अध्ययनको मुख्य उद्देश्य नेपाली र बझाङी भाषाको व्याकरणिक संरचना, ऐतिहासिक विकासक्रम र भाषिक मानकीकरणको विश्लेषण गर्नु हो । यसका लागि विभिन्न सैद्धान्तिक दृष्टिकोणको प्रयोग गरिएको छ, जसले भाषिक संरचना र ऐतिहासिक प्रगतिलाई वैज्ञानिक तरिकाले प्रस्तुत गर्न मद्दत पुऱ्याउँछ ।

Historical-Comparative Linguistics को दृष्टिकोण यस अनुसन्धानमा प्रयोग गरिएको छ । यसले भाषाको ऐतिहासिक विकास, रूपान्तरण र समयसँगै हुने परिवर्तनक्रमको विश्लेषण गर्न सहयोग पुऱ्याउँछ । नेपाली व्याकरण लेखनको प्रारम्भिक विदेशी विद्वानदेखि हालसम्मको विकासक्रमको तुलनात्मक अध्ययन यस दृष्टिकोण अन्तर्गत सम्भव भएको छ (Crosby, २०१५) । यसले नेपाली भाषाको व्याकरणिक संरचना र बझाङी भाषाको ऐतिहासिक सम्बन्ध स्पष्ट रूपमा उजागर गर्छ ।

Descriptive Linguistics बझाङी भाषाको मौलिक व्याकरण र मौखिक तथा लेख्य स्रोतहरूको संरचनात्मक विश्लेषणमा प्रयोग गरिएको छ । यसले स्थानीय ध्वनि प्रणाली, शब्द निर्माण, वाक्य संरचना  र भाषिक प्रयोगको प्रत्यक्ष वर्णन गर्न योगदान पुऱ्याउँछ (कठायत, २०८०) । मौखिक स्रोतहरू र पाण्डुलिपिहरूको विश्लेषण मार्फत बझाङी भाषाको जीवित प्रयोग, स्थानीय विविधता र व्याकरणिक नियम स्पष्ट रूपमा देखाइएको छ ।

Structural Grammar को सैद्धान्तिक आधार बझाङी व्याकरणको नियम र संरचना, वाक्य निर्माण र व्याकरणिक श्रेणीहरूको व्यवस्थित वर्गीकरणमा प्रयोग गरिएको छ । यसले क्षेत्रीय भाषाको संरचनात्मक विविधता र नेपाली भाषासँगको तुलनात्मक सम्बन्ध उजागर गर्न सहयोग पुऱ्याउँछ (पोखरेल, २०५४) । यस दृष्टिकोण अन्तर्गत प्राप्त तथ्यहरूले बझाङी भाषाको व्याकरणिक प्रणाली र नेपाली व्याकरणबीचको वैज्ञानिक तुलना गर्न सहज बनाएको छ ।

यसरी, प्रयोग गरिएका सैद्धान्तिक ढाँचाहरूले भाषिक समुदायमा साझा सम्पर्क, भाषा संरक्षण र भाषिक विविधताको संरक्षण सैद्धान्तिक दृष्टिले पुष्टि गर्छ । अनुसन्धानले बझाङी भाषाको मौलिक संरचना, नेपाली व्याकरणको ऐतिहासिक विकास र व्याकरणिक नियमहरूको मानकीकरणबिच सम्बन्ध स्पष्ट पार्ने आधार तयार पारेको छ ।

## निष्कर्ष

यस अनुसन्धानले नेपाली व्याकरण लेखनको ऐतिहासिक विकास र बझाङी व्याकरणको तुलनात्मक अध्ययनलाई व्यवस्थित रूपमा विश्लेषण गरेको छ । अनुसन्धानका नतिजाले देखाउँछन् कि नेपाली व्याकरण लेखन प्रारम्भिक चरणमा (१८२०–१९००) विदेशी विद्वानहरूले भाषाको संरचना बुझ्न र व्याकरण तथा शब्दावली तयार गर्न सुरु गरेका थिए (एटन, १८२०; टर्नबुल, १८८७–१९२३) । यस चरणमा भाषा अनुसन्धान मुख्यत: भाषाको संरचना वर्गीकरण र विश्लेषणमा केन्द्रित थियो ।

दोस्रो चरणमा (१९५८–२०१३) स्थानीय विद्वानहरूले पाठ्यपुस्तक, पत्रपत्रिका र व्याकरण कृतिहरू मार्फत व्याकरणको प्रचलन, मानकीकरण र शिक्षणमा योगदान दिएका छन्। यस चरणमा नेपाली भाषाको लिखित प्रयोग र व्याकरण संरचनामा स्पष्ट सुधार देखिएको छ (अर्ज्याल, २०१३; सिंह, २०१०; पण्डित, २०५५)। तेस्रो चरणमा (वि.सं. २०१४–हाल) भाषावैज्ञानिक दृष्टिकोणले व्याकरण अध्ययनको वैज्ञानिक आधार तयार पार्दै संरचनात्मक, ध्वन्यात्मक र वाक्यिक विश्लेषणमा प्रगति गरेको छ (पन्त, २०१४; शर्मा, २०१८)। यसले नेपाली व्याकरणको वैज्ञानिक र सैद्धान्तिक आधारलाई बलियो बनाएको छ।

बझाङी भाषाको व्याकरण तुलनात्मक अध्ययन गर्दा क्षेत्रीय विविधता, मौखिक स्रोतको महत्त्व र भाषिक संरचनामा विशिष्टता स्पष्ट भएको पाइन्छ। यस भाषाको ध्वनि प्रणाली, शब्द निर्माण र वाक्य संरचना नेपाली भाषासँग आंशिक समानता राख्दछ, भने आंशिक भिन्नता स्थानीय सांस्कृतिक र सामाजिक प्रभावलाई दर्साउँछ। उदाहरणका लागि, बझाङी भाषामा नेपाली भाषाभन्दा तीन–चार स्वर र व्यञ्जन थप पाइन्छ, क्रियापद रूपान्तरण सरल भए पनि स्थानीय प्रयोगमा भिन्नता हुन्छ र वाक्य संरचना Subject–Object–Verb भए पनि वाक्यांश र आलंकारिक प्रयोग फरक देखिन्छ (कठायत २०८०; )। यसले क्षेत्रीय भाषिक पहिचान र मौखिक स्रोतहरूको संरक्षण आवश्यक भएको पुष्टि गर्दछ।

निष्कर्षतः नेपाली व्याकरण लेखन विदेशी र स्थानीय विद्वानको योगदानबाट समृद्ध हुँदै आएको देखिन्छ। बझाङी भाषाको विश्लेषणले क्षेत्रीय भाषाको संरचना, ध्वन्यात्मक, शब्द र वाक्य निर्माणका विशेषताहरू स्पष्ट पारेको छ। यस अध्ययनले भाषिक संरक्षण, व्याकरणिक नियमको मानकीकरण र शिक्षण–अध्ययनका लागि आधार तयार पारेको छ।

यस अनुसन्धानले भविष्यमा नेपाली भाषा र क्षेत्रीय भाषाको तुलनात्मक व्याकरण अध्ययनका लागि महत्वपूर्ण स्रोतको रूपमा प्रयोग हुने विश्वास गरिएको छ। विशेष गरी मौखिक स्रोतको अध्ययनले व्याकरणिक संरचना र क्षेत्रीय विविधता उजागर गर्दै भाषिक सम्पदाको संरक्षणमा योगदान पुर्‍याउने छ।

**अध्ययनको सीमा**

यस अनुसन्धानको सीमाहरू केही दृष्टिले स्पष्ट छन्। पहिलो, बझाङी व्याकरणसँग सम्बन्धित स्रोतहरू सीमित मात्रामा उपलब्ध छन्, जसले विश्लेषणको दायरा केही हदसम्म सीमित बनाएको छ। मौखिक स्रोतहरू र लेख्य सामग्रीको अभावले अध्ययनलाई पूर्ण रूपमा समग्र दृष्टिले प्रतिनिधित्व गर्न कठिनाइ सिर्जना गरेको छ। दोस्रो, नेपाली व्याकरण लेखनको ऐतिहासिक स्रोतहरू सबै कृतिहरूमा आधारित नभई उपलब्ध सामग्रीमा मात्र केन्द्रित गरिएको छ। यसले ऐतिहासिक विश्लेषणमा केही सन्दर्भ र विवरणको अभाव निम्त्याउन सक्छ। तेस्रो, अध्ययन गुणात्मक विश्लेषणमा बढी आधारित छ, जसले भाषिक संरचना, ध्वनि प्रणाली, वाक्य र शब्द निर्माणको गहिरो विश्लेषण सम्भव बनाएको भए पनि मात्रात्मक तथ्याङ्क, सर्वेक्षण वा व्यापक सांख्यिकीय डाटाको प्रयोग गरिएको छैन। यी सीमाहरूलाई ध्यानमा राख्दै, अनुसन्धानले उपलब्ध स्रोत र मौखिक तथा लेख्य सामग्रीको आधारमा व्याकरणिक विश्लेषण, तुलनात्मक अध्ययन र सैद्धान्तिक ढाँचाको प्रयोगमार्फत निष्कर्ष प्रस्तुत गर्ने प्रयास गरेको छ।

**सिफारिस**

यस अनुसन्धानको निष्कर्ष तथा विश्लेषणलाई आधार मान्दै, बझाडी भाषा र नेपाली व्याकरणसँग सम्बन्धित केही सिफारिसहरू प्रस्तुत गरिन्छ। पहिलो, बझाङी भाषाका अन्य क्षेत्रीय बोलीहरूको व्याकरणिक विश्लेषण र तुलनात्मक

अध्ययन आवश्यक छ, जसले भाषिक विविधता र संरचनात्मक विशेषताहरूको समग्र बुझाइमा योगदान पुऱ्याउनेछ । दोस्रो, भविष्यमा नेपाली व्याकरण र क्षेत्रीय भाषाको लेखन, शिक्षण, तथा मानकीकरणका लागि ठोस नीतिगत योजना तयार गर्नु उपयुक्त हुनेछ, जसले भाषा संरक्षण, शिक्षण अभ्यास र शैक्षिक विकासमा दीर्घकालीन प्रभाव पार्नेछ । तेस्रो, भाषिक विविधता संरक्षण र मानकीकरणका लागि सरकारी निकाय, शैक्षिक संस्था तथा अनुसन्धान संस्थाबिच सहकार्य स्थापना गर्न आवश्यक छ । चौथो, डिजिटल माध्यमको प्रयोग गरी क्षेत्रीय भाषाको व्यवस्थित डाटाबेस तयार गर्नाले भाषाशास्त्रीय अध्ययनलाई सहज र पहुँचयोग्य बनाउनेछ । अन्ततः नेपाली व्याकरण र क्षेत्रीय भाषाको तुलनात्मक अध्ययन अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गर्ने प्रयास बढाउनु उपयुक्त छ, जसले भाषा अनुसन्धानमा नेपालको योगदानलाई विश्वसामु स्पष्ट रूपमा प्रकट गर्ने अवसर प्रदान गर्नेछ ।

## सन्दर्भ ग्रन्थ सूची


कठायत, विष्णु बहादुर (२०८०), *बझाङी भाषाको वाक्य व्याकरण,* विधावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय ।

काठमाण्डौं विश्वविद्यालय (२०६५), *डोटेली र बझाङी भाषासम्बन्धी अनुसन्धान प्रतिवेदन*, लेखक ।

ढुङ्ग्याल, तुलसी प्रसाद (२०५०), *नेपाली भाषाको ध्वन्यात्मक अध्ययन*, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

पण्डित, हेमराज (१९९५), *नेपाली व्याकरण*, विद्यार्थी पुस्तक भण्डार ।

पन्त, रामराज (२०४५), *नेपाली व्याकरणको विकासक्रम र संरचना*, विद्या प्रसार प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५४), *वाक्य–व्याकरण*, सिर्जना प्रकाशन ।

भट्टराई, रोहिणी प्रसाद (२०६०), *आधुनिक नेपाली व्याकरण*, साझा प्रकाशन ।

मल्ल, कमल प्रकाश (२०३८), *नेपालमा भाषाशास्त्रको इतिहास*, प्रज्ञा–प्रतिष्ठान ।

सिंह, जयपृथ्वी बहादुर (१९८६), *नेपाली भाषा र व्याकरण*, साझा प्रकाशन ।

Aton, J. A. (1820). *Grammar of the Nepali language*. Parbury, Allen & Co.

Crosby, R. (2015). *A history of Nepali grammar studies*. Sajha Publications.

Sharma, D. R. (2010). *Structural analysis of Nepali grammar*. Tribhuvan University Press.

Turnbull, W. (1880). *A comparative grammar of Himalayan languages*. Asiatic Society.

Wright, D. (1877). *History of Nepal with grammar notes*. University Press.

Yadava, Y. P. (2004). *LinguisticdDiversity in Nepal*. Linguistic Society of Nepal.



**To Cite this Article [APA Style, 7th Edition]:**

कठायत, विष्णु बहादुर (2025), नेपालमा व्याकरण परम्परा र बझाङी व्याकरण. *Journal of Duragalaxmi*, *4*(1), 373-387. https://doi.org/10.3126/jdl.v4i1.88048